नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२०७४

# प्रेस विज्ञप्ति

## सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपालका लागि भारतका राजदूतबीच शिष्टाचार भेटवार्ता

सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र नेपालका लागि भारत गणराज्यका राजदूत Mr. Naveen Srivastava बीच आज मिति २०८२ कार्तिक १३ गते बिहीबारका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भयो । उक्त अवसरमा नेपाल तथा गणतन्त्र भारतबीच रहेको ऐतिहासिक सम्बन्ध, द्विपक्षीय सहकार्य तथा वर्तमान अवस्था र नेपाल सरकारका प्राथमिकताsf सम्बन्धमा छलफल भयो ।

उक्त छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री खरेलले नेपाल र भारतबीच रहेको ऐतिहासिक सम्बन्ध, नेपालमा भारतको सहयोगमा सञ्चालित विकास आयोजनाहरु लगायत विभिन्न कालखण्डमा नेपालको सामाजिक तथा राजनीतिक विकासमा भारतबाट प्राप्त आर्थिक तथा प्राविधिक सहयोग एवम् सद्भावको बारेमा उल्लेख गर्नुभयो। यसका साथै मन्त्री खरेलले नेपालको विद्यमान परिस्थितिको साथै स्वतन्त्र तथा निष्पक्ष रुपमा निर्वाचनलाई सम्पन्न गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्य सरकारको प्रमुख प्राथमिकतामा रहेको जानकारी गराउनु भयो ।

सो भेटघाटको क्रममा भारतका राजदूत Mr. Naveen Srivastava ले मन्त्री खरेललाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो । सो अवसरमा राजदूत Mr. Naveen Srivastava ले नेपाल र भारतबीच भएका सम्झौता अन्तर्गतका परियोजनाहरु तथा नेपालमा भारतको सहयोगको प्राथमिकताका बारेमा विषयमा जानकारी गराउँदै भारत सरकार नेपालको आर्थिक रुपान्तरण एवम् समृद्धिका लागि नेपालको प्राथमिकताका क्षेत्रमा सहयोग अभिवृद्धि गर्न उत्सुक रहेको तथा भारत सरकार नेपाल सरकारलाई सहयोग गर्न प्रतिवद्ध रहेको समेत जानकारी गराउनु भयो ।

०८२।०७।१३

सहसचिव

काठमाडौं, १३ कार्तिक २०८२